# वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्वार सिन्धुली र महोत्तरी जिल्लामा संचालित कार्यक्रमहरुको अनुगमन निरीक्षण प्रतिवेदन

## पृष्ठभूमी

यस मन्त्रालय अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्वारा गत आ.ब. हरुमा **सिन्धुली र महोत्तरी** जिल्लामा संचालित कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्नको लागि मिति २०७३।१०।१३ गते देखि २०७३।१०।१९ गते सम्म कार्यक्रमको नमूना छनौट गरी संचालित कार्यक्रमहरुको अध्ययन, अवलोकन, निरीक्षण गरी आयोजनामा आईपरेका समस्याहरु सहितको प्रतिवेदन पेश गरिएको छ । भौगोलिक अवस्थिती, सडकको पहुँच, अवस्था र समय सीमा आदी कारणहरुले सवै कार्यक्रमहरुको अनुगमन गर्न नसकिएता पनि नमूनाको रुपमा छनौट गरी **सिन्धुली** जिल्लाको सितलपाटी-१ र ९ डुड भञ्ज्याङ्ग-८ च्याकुटार वेसी र खाङसाङ अस्थायी प्रहरी चौकी तथा **महोत्तरी** जिल्लाको रामगोपालपूर-३ र धमौरा-७ आदी स्थानमाहरुमा जडान गरेका **वायोग्याँसहरु, सौर्य उर्जा र धुवाँ रहित चुल्हो** वितरण सम्वन्धी कार्यक्रमहरुको अनुगमन एवं निरीक्षण गरी ती कार्यक्रमहरुको अवस्थाबारे प्रतिवेदनमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

## अनुगमन/मूल्यांकन कार्यको उद्देश्य

- ✓ संचालित कार्यक्रमरु लक्षित वर्ग र तह सम्म पुगे नपुगेको/लाभान्वित भए नभएको ।
- ✓ कार्यक्रम/आयोजनाको हालको अवस्था।
- ✓ कार्यक्रम/आयोजना सम्वन्धी नागरिकहरुले महशुस गरेका समस्या/गुनासो/अपेक्षाहरु ।

## अनुगमन/मूल्यांकन कार्यको क्षेत्र/सीमा

अनुगमनका लागि छनौट गरिएका कार्यक्रमहरु ग्रामीण क्षेत्रमा हुनु तथा छरिएर रहेको वस्ति, भौगोलिक अवस्थिति, सडकको पहुँच आदी जस्ता कारणहरुले सवै क्षेत्रमा अनुगमन निरीक्षण गर्न नसकिने। मन्त्रालयको स्थानियस्तरमा कुनै कार्यालयहरु नरहेको र संचालित कार्यक्रम कुन कहाँ छन् भनि निश्चित हुन समेत नसकिने अवस्था रहेको ।

## अनुगमन/मूल्यांकन कार्य गर्दा अपनाउनु पर्ने पद्धति र विधि

- ✓ स्थलगत अनुगमन ।
- ✓ अन्तरवार्ता

जनसंख्या तथा वातावरण मन्त्रालय

✓ सम्वन्धित सरोकारवाला निकायहरुबाट प्रकाशित अध्ययन सामग्रीहरु।

**भौतिक सुविधा र साधन**

टयाक्सी, भाडाको जिप र सार्वजनिक यातायात

**कार्य सम्पन्न गर्नु पर्ने समय सीमा र कार्य तालिका**

मिति २०७३/१०/१३ देखि २०७३/१०/१९ गते सम्म ७ दिन ।

**अनुगमन/मूल्यांकन कर्ताले सम्पर्क गर्ने वा सम्पर्कमा रहनु पर्ने सम्पर्क व्यक्ति**

जिल्ला उर्जा अधिकृत श्री सन्दिप उपाध्याय, जि.वि.स., सिन्धुली ।
उर्जा सहायक श्री देवनारायण साह, जि.वि.स, महोत्तरी ।

**सरोकारवालाहरुसगं गरिएको छलफल र सामाजिक उत्तरदायित्व**

संचालित कार्यक्रमको अवस्था, सम्वन्धित नागरिकहरुको राय, सुझाव, गुनासो र अपेक्षाका विषयमा तथा जिल्ला विकास समिति अन्तरगतको वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखाका पदाधिकारीहरुसंग छलफल अन्तरक्रिया गर्ने कार्य गरियो ।

**धुवाँ रहित फलामे चुल्हो**

- सिन्धुली जिल्लाको सितलपाटी गा.वि.स. वडा नं. १ का करिव ४० घरधुरी माझिहरुको वाहुल्यता रहेको यस वडामा धुवाँ रहित फालामे चुल्हो वाडिएको पाईयो । यस प्रकारको चुल्हो भुकम्प पश्चातको केहि समय सम्म प्रयोग गरिएको, दाउरा कम लाग्ने, धुवाँ नहुने, थोरै दाउराको प्रयोग हुने र जहाँ पनि लिन मिल्ने किसमको भएकोले त्यस समयमा यसले निकैनै मद्दत मिलेको अनुभव चुल्हो प्राप्त गरेका सम्मर व.माझी, टेक वहादुर माझी र रत्न वहादुर माझीले वताउनु भयो ।यस्तै सितलपाटी वडा नं. १ का चन्द्र तिमिल्सेना र वडा नं. ९ का टिका प्रसाई लाई भेट्दा आफुहरुले चुल्हो पाएको जानकारी गराउनु भयो ।
- सम्पर्क गरिएका व्यक्तिहरुसंग चुल्होको उपयोग र लाभका वारेमा वुझ्दा चुल्हो अली सानो भएको, सानो परिवारलाई र थोरै खानेकुरा पकाउनु पर्दा उपयुक्त हुने

तर परिवार ठुलो हुँदा धेरै खाना पकाउन नसकिने साथै दाउरा पनि ठिक्क मिल्ने खालको राम्रो चाहिने भएकोले सधैं जसो प्रयोग नगरेको र विकल्पका रुपमा प्रयोग गरेको वताउनु भयो भने केहि सानो परिवार हुने हरुले भने निकै नै उपयोगी रहेको वताउनु भएको थियो ।

**वायोग्यााँस**

- सिन्धुली जिल्लाको डुड भञ्ज्याङ्ग-८ च्याकुटारका सोम प्रसाद वरालको घरमा ४ घ.मी. को वायोग्यााँस प्लाण्ट जडान गरिएको पाईयो । शौचालय जडान गरिएको र एउटा भैसीको गोवर समेत गरी प्लाण्ट राम्रैसंग चलेको जानकारी गराउनु भयो ।त्यस्तै ४ घ.मी. कै प्लाण्ट सोही स्थानमा होमनाथ न्यौपानेको घरमा जडान भएको तर उक्त प्लाण्ट संचालन शौचालय र अन्य कुहिने फोहोरबाट संचालनमा आएको पाईयो । निजको घरमा पशु वस्तु नभएको तर होटेल रहेकोले शौचालयको मलमुत्रवाट प्लाण्ट चालु हालतमा रहेको पाईयो ।न्यौपानेले प्लाण्ट चालु भएता पनि नियमित प्रयोग नगरिने कहिलेकाँहिमात्र प्रयोग हुने कुरा जानकारी गराउनु भयो । सोहि स्थानमा दिननाथ न्यौपानेको घरमा वायोग्यााँस प्लाण्ट जडान भएको पाईयो तर परिवारका सवै सदस्यहरु नभएकोले प्लाण्ट संचालन नगरिएको जानकारो पाईयो ।

**सौर्य उर्जा**

सिन्धुली जिल्लाको खाङ्गसाङ्ग अस्थायी प्रहरी चौकीमा जडित १००० वाट क्षमताको सोलर जडान भएको पाईयो । जसवाट ४ वटा वत्ति वाल्न, मोवाईल चार्ज गर्न, टिभी चलाउन र संचार उपकरण चार्ज गर्ने कार्यमा प्रयोग भैरहेको प्रहरी हवल्दार भिम वहादुर तामाङ्गले जानकारी गराउनु भयो ।

महोत्तरी जिल्लाका वथनाहा, धमौरा, सर्पल्लो, वलुवा, पडौल वनौटा, धमौरा वेलगाँछी, भरतपूर, हातिसर्वा, विजलपुरा, सुन्दरपुर लगायतका ३५ गा.वि.स. हरुमा सडक सौर्य वत्ति जडान भएको जानकारी जिल्ला विकास समिति, महोत्तरीका उर्जा सहायक श्री देवनारायण साहले जानकारी गराउनु भयो । साथै निज साहकै सहयोगमा सडक वत्ति

जनसंख्या तथा वातावरण मन्त्रालय

जडान भएका मध्ये  रामगोपालपूर-३, महोत्तरी र धमौरा गा.वि.स.-७ को स्थलगत अनुगमन निरीक्षण गर्ने कार्य गरियो ।

रामगोपालपूर-३ मा २ वटा सौर्य सडक वत्ति जडान भएको पाईयो जस मध्ये एउटा विग्रेको अवस्थामा रहेको पाईयो भने एउटा चालु हालतमा रहेको पाईयो ।

त्यस्तै धमौरा गा.वि.स वडा नं. ७ स्थित गदाली वावाको धार्मिक स्थल जुन मुस्लीम धर्मावलम्वीहरुको तीर्थस्थल रहेको र समय समयमा मेला लाग्ने उक्त स्थानमा  २० वटा सौर्य सडक वत्ति जडान भएको पाईयो । ति मध्ये केहि विग्रेको र वाँकि चालु हालतमा रहेको पाईयो ।

**स्थलगत अनुगमन निरीक्षणबाट देखिएका अन्य विषयवस्तुहरु**

- ✓ कुन निकाय वा संस्थाबाट अनुदान, सहयोग वा आयोजना संचालन भएको भन्ने विषयमा नागरिकलाई स्पष्ट जानकारी हनु नसकेको ।
- ✓ निर्माण पश्चातको संचालन, मर्मत सम्भार तथा विग्रेमा सामान खरिद मर्मत र मर्मत गर्ने प्राविधिकका लागि कहाँ कसरी प्राप्त गर्ने भन्ने जानकारी नभएको पाईएको ।
- ✓ संचालन भएका कतिपय आयोजनाहरु मागमा आधारित हुन नसकेकोले त्यसको संरक्षण र सम्वर्द्धन हुन नसकेको देखियो जस्तै: महोत्तरी जिल्लाको रामगोपालपूर-३, मा जडित २ वटा सौर्य सडक वत्तिहरु जडान पश्चातको केहि समयमै एउटा विग्रेको र अर्को विग्रने अवस्थामा रहेको पाईयो ।विद्युत प्रसारण लाई पुगेको ठाउँमा यस्तो वत्ति जडान गरिहाल्नु पर्ने अवस्था थियो थिएन यसको विश्लेषण हुन नसकेको देखियो ।त्यस्तै सोहि जिल्लाको धमौरा गा.वि.स.-७ को गदाली वावाको तीर्थस्थलमा जडान भएका करिव २० थान सडक सौर्य  वत्तिको अवस्था हेर्दा समेत आवश्यकता कति थियो र कति हुँदा पुग्ने थियो त्यसको लाभ र लागतको विस्तृत अध्ययन हुन नसकेको देखियो ।
- ✓ वायोग्याँस प्लाण्टको हकमा जिल्लाको कुन स्थानमा कुन कम्पनीले कहिले काम सुरु गर्यो र कहिले सम्म कति काम सम्पन्न गर्यो, हाल ती प्लाण्टको अवस्था कस्तो छ नागरिकहरु त्यसबाट लाभान्वित भए भएनन्, गुनासो के कस्तो छ आदी विषयमा स्थानिय निकाय अन्तरगत कुनै निकायहरु त्यसमा प्रत्यक्ष रुपमा संलग्न नभैरहेको व्यहोरा स्थानिय

कर्मचारीहरुबाट प्राप्त भयो । यसले गर्दा केन्द्रीय तहबाट अनुगमन गर्दा समन्वयकारी भुमीका खेल्नु पर्ने ती स्थानिय निकायहरुबाट सहयोग लिन समेत कठीन भएको ।

**समस्या समाधानका लागि सिफारिस र अन्य सुझावहरु**

- ✓ संचालित आयोजनाको वारेमा नागरिकहरुलाई स्पष्ट रुपमा सुसूचित गराईनु पर्ने ।
- ✓ निर्माण पश्चातको संचालन मर्मत सम्भार तथा आवश्यक पर्ने सामग्री र संचालन विधिका विषयमा सम्वन्धित कम्पनीबाट स्पष्ट पार्ने व्यवस्था हुनु पर्ने ।
- ✓ आयोजना संचालनका क्रममा स्थानियको अपनत्व कायम हुने र लाभ लागतको स्पष्ट विश्लेषण तथा आवश्यकताको मात्रा निर्धारण गरेर मात्र आयोजना संचालन गरिनु पर्ने ।सीमित साधन स्रोतको उपलब्धतालाई सर्वप्रथम बढी आवश्यकता भएकोबाट क्रमश कम तिर लैजाँदै जानु उपयुक्त हुने देखिन्छ ।
- ✓ स्थानिय निकाय अन्तरगतबाट यस्ता आयोजनाहरुको प्रभावकारी अनुगमन मूल्यांकन गरिने परिपाटीको व्यवस्था गरिनु उपयुक्त देखिन्छ ।जुन जिल्लामा यस किसिमका आयोजनाहरु संचालन गरिंदैछन ती कार्यक्रमको अनुपातमा आवश्यक जनशक्ति र साधन स्रोतको समेत पर्याप्त व्यवस्था गरिनु आवश्यक छ ।

**प्रतिवेदकहरु**

**शा.अ. सुरेश खनाल**

**ले.पा. जगदिश्वर दाहाल**

**क.अ. सुन्दर कुमार थापा**

जनसंख्या तथा वातावरण मन्त्रालय

अनुगमन/निरीक्षणसंग सम्वन्धित तस्विर तथा अन्य सामग्रीहरु



सिन्धुली जिल्लाको सितलपाटी-१ मा वितरण गरिएको धुवाँ रहित फलामे चुल्हो ।



जिल्ला विकास समितिको कार्यालय सिन्धुलीका उर्जा अधिकृत श्री सन्दिप उपाध्यायका साथमा जिल्लामा संचालित उर्जा सम्वन्धी कार्यक्रमहरुको वारेमा जानकारी लिंदै ।



सिन्धुली जिल्लाको खाङ्गसाङ्ग अस्थायी प्रहरी चौकीमा जडित १०० वाट क्षमताको सोलार सिष्टम ।



सिन्धुली जिल्लाको डुड भञ्ज्याङ-८ च्याकुटारमा जडान गरिएका घरायसी वायोग्याँसहरु ।



जिल्ला विकास समितिको कार्यालय महोत्तरी, जलेश्वरबाट उर्जा सहायक सहित स्थलगत अनुगमनका लागि प्रस्थान गर्दै ।





महोत्तरी जिल्लाको रामगोपालपूर-३, मा जडित २ वटा सौर्य सडक वत्तिहरु ।



महोत्तरी धमौरा गा.वि.स वडा नं. ७ स्थित गदाली वावाको धार्मिक स्थलमा जडित सौर्य वत्तिहरु ।